हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

## किसान सूचीकरण सहजकर्ता आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९/०४/ ४ गते)

हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि सेवा केन्द्रमा रहने गरी "किसान सूचीकरण कार्यक्रम" का लागि निम्न पदको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी आवश्यक भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम यस कार्यालयबाट वा वेबसाइट www.harionmun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नम्वर | पद नाम | संख्या |
|---|---|---|---|
| १ | १/२०७९/०८० | किसान सूचीकरण सहजकर्ता | ११ जना |

१. **न्यूनतम योग्यता :**
   - क. नेपाली नागरिक ।
   - ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी./जे.टी.ए. उत्तिर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
   - ग. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ बर्ष ननाधेको) हुनुपर्ने ।
   - घ. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

२. **परिक्षाको किसिम :** अन्तर्वार्ता ।

३. **परिक्षा दस्तुर :** रु. ५००/- (पाँच सय) बुझाउनु पर्नेछ ।

४. **पारिश्रमिक तथा सुविधा :** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ बमोजिम ।

५. **दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कम्प्युटर तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

६. कृषि तथा पशु सेवा विषय लिएर उत्तिर्ण गरेको नगरपालिकाका वासिन्दाहरुलाई प्राथमिकता दिइने छ ।

प्रमुख प्रशासकीय अधिकृत